नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २२३ २०८१ साल चैत २३ गते शनिबार (5 Apr. 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

*यस अंक भित्र :* २ पृष्ठमा : किन बढ्दै छ, ... ३ पृष्ठमा : युवा, उद्यम र ... ३ पृष्ठमा : सिरियामा इजरायली आक्रमणको ...

# महिलाको विकास बिना मुलुकको विकास सम्भव छैन् : मन्त्री साह

**दैनिक समाचारदाता**
**राजविराज, २२ चैत ।**

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवलकिशोर साह सुडीले मुलुकमा ५१ प्रतिशत जनसंख्या रहेको महिलाको विकास बिना मुलुकको विकास सम्भव हुन नसक्ने बताएका छन् ।




राजविराजस्थित मधेश प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालय राजविराजको सभाकक्षमा ६ दिने लैङ्गिक उत्तरदायी अनुसन्धान तथा संचारसीप सम्बन्धी तालिमको शुक्रबार समापन गर्दै मन्त्री साहले यस्तो बताएका हुन् ।

उनले अहिले पनि समाजमा महिला हिंसा कायम रहनु दुर्भाग्यपूर्ण रहेको टीप्पणी गर्दै महिलाहरुलाई शिक्षा र स्वास्थ्य क्षेत्रमा सबल गराई अवसर समेत दिन आवश्यक रहेको बताए । मुलुकमा अहिले पनि लैङ्गिक हिंसा कायम रहनु दुर्भाग्यपूर्ण भन्दै लैङ्गिक हिंसा कायम रहनु कुनै पनि दृष्टिकोणबाट उपयुक्त नरहेको उनको भनाई थियो ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका मन्त्री साहले लैङ्गिक हिंसा नियन्त्रणमा तीन वटै तहका सरकारको प्रमुख जिम्मेवारी रहेको उल्लेख गरे ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भोला दाहाल, प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले पनि बोल्दै महिला हिंसा न्यूनिकरणका लागि प्रहरी प्रशासनले गरेको प्रयास र खेलेको भूमिका बारे चर्चा गरे ।

नेपाल सरकार र एशियाली विकास बैंकको साझेदारीमा संचालित महिला समुत्थान परियोजना अन्तरगत नेपाल प्रहरीमा कार्यरत प्रहरी अधिकृत तथा प्रहरी जवानहरुलाई लैङ्गिक अपराधको अनुसन्धान सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास तथा उक्त कार्यमा सक्षम र सबल बनाउने उद्देश्यका साथ गत चैत्र १७ देखी उक्त तालिम सुरु भएको थियो ।

तालिममा सेक्सुअल अफेन्स, एकाउन्टिबिलिटी, डोमेस्टिक भ्वाइलेन्स, जेन्डर इक्विलिटी एण्ड सोसल इनक्लुजन, लिगल प्रेभिजन, जेन्डर बेस्ड भ्वाइलेन्स लगायत १४ विषयमा तालिम प्राप्त प्रशिक्षकहरुबाट तालिम प्रदान गरिएको थियो ।

कार्यक्रम महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आयोजना र नेपाल प्रहरीको सहकार्यमा सम्पन्न गरिएको मन्त्रालयका अधिकृत दिपिका सिटौलाले जानकारी दिइन् ।

# उदाउँदो सूर्यलाई अर्घ्य दिँदै चैती छठ सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २२ चैत ।**

शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै चैती छठपर्व हर्सोल्लासका साथ सम्पन्न भएको छ ।

चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने यस पर्वको चौथो दिन शुक्रबार बिहान विभिन्न जलाशयमा उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै धुमधामका साथ चैती छठपर्व सम्पन्न भएको हो ।

छठपर्वको विशेषता भनेको यसको आधिकारिक पूजा पोखरी र नदीमा मात्र गर्नुपर्ने परम्परा हो । भक्तजनहरू बिहीबार साँझ परम्परागत फलफूलजस्तै केरा, भुसवा, ठकुवा, नरिवल, उखु, मुला आदि लिएर सूर्यलाई अर्घ्य अर्पण गरेका थिए ।

पौराणिक कथनअनुसार आदिकालमा सती अनुसूयाले रोगग्रस्त पतिलाई निको पार्न भगवान सूर्य र षष्ठी देवीको पूजा आराधना गरेका थिए । महाभारत कालमा पनि पाँच पाण्डवकी पत्नी द्रौपदीले कौरवहरूको पराजयको लागि सूर्यदेवको उपासना गर्दै छठपर्व मनाएको उल्लेख पाइन्छ ।

सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने तथा सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ । सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको यस पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ ।

पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठपर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको घुइँचो लाग्छ ।

चार दिनसम्म मनाइने यस

*बाँकी अन्तिम पृष्ठमा*

# नेतृत्व तहमा बोली र व्यवहार फरक हुँदा नागरिकमा वितृष्णा बढ्यो : मन्त्री लेखी

**दैनिक समाचारदाता**
**राजविराज, २२ चैत ।**

मधेश सरकारका गृह, संचार तथा कानुन मन्त्री राजकुमार लेखीले नेतृत्व तहमा बोली र व्यवहार फरक हुँदा नागरिकमा वितृष्णा बढेको बताएका छन् ।




आफ्नो मन्त्रालयले शुक्रबार लालबन्दीमा आयोजना गरेको स्थानीय तहको कानुन तर्जुमा सम्वन्धी दुई दिने अन्तरक्रियालाई सम्वोधन गर्दै मन्त्री लेखीले नेतृत्व तहबाट एउटा कुरा बोल्ने र व्यवहारमा अर्कै देखाउने तथा सरकारी निकायमा सेवा लिन जाँदा ढिलासुस्ती हुँदा नागरिकमा वितृष्णा सिर्जना भएको मन्त्री लेखीले बताएका हुन् ।

मञ्चबाट बढी आश्वासन दिने तर काम नगर्ने परिपाटी देखिँदा नागरिकले असन्तुष्टी व्यक्त गरेका प्रदेश सरकारका गृहमन्त्री लेखीको भनाई छ ।

जिल्ला प्रशासन, प्रहरी, मालपोतलगायतका कार्यालयमा नागरिक चार/पाँच घण्टा लाइनमा बसेर काम नहुने परिपाटी ठूलो समस्याको रुपमा रहेको र यही अवस्थाले गर्दा नै नागरिकमा अहिलेको

*बाँकी अन्तिम पृष्ठमा*

# हावाको गतिले घटायो वायु प्रदूषण

काठमाडौँ, २२ चैत (रासस) ।

हावाको गति बढेसँगै शुक्रबार वायु प्रदूषणको मात्रा पनि घटेको छ । केही दिनयता विश्वकै पहिलो प्रदूषित सहरको रूपमा सूचीकृत भएको काठमाडौँ उपत्यका शुक्रबार भने प्रदूषणको मात्रा घटेर सातौँ नं मा सूचीकृत भएको छ ।

‘एयर क्वालिटि इन्डेक्स’ को तथ्याङ्कअनुसार बिहीबार मध्यान्हमा पनि पहिलो प्रदूषित सहरमा सूचीकृत भई वायु प्रदूषण तीन सय ४८ एक्यूआईसम्म पुगेको थियो । शुक्रबार भने यो समाचार तयार गर्दासम्म प्रदूषण घटेर एक सय ४७ एक्यूआईमा झरेको छ । नेपाल सरकारबाट स्वीकृत वायु गुणस्तर सूचकाङ्कअनुसार ०-५० हुँदा राम्रो, ५१-१०० हुँदा मध्यम, १०१-१५० हुँदा संवेदनशील समूहका लागि अस्वस्थ, १५१-२०० अस्वस्थ, २०१-३०० निकै अस्वस्थ तथा ३०१ भन्दामाथि भएमा खतरनाक तह पुगेको सङ्केत गर्दछ ।

वन तथा वातावरण मन्त्रालय, वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले शुक्रबार हावाको गति बढेकाले प्रदूषणको मात्रा घटेर विश्वको पहिलो प्रदूषित सहरबाट सातौँमा पुगेको बताउनुभयो । “काठमाडौँ कचौरा आकारमा पनि छ । पानी परेमा सतहमा रहेको प्रदूषण तल खस्छ र हावा चल्दा उपत्यकामा थुप्रिएर बसेको प्रदूषण उडाएर लैजान्छ”, उहाँले भन्नुभयो, “प्रदूषण न्यूनीकरणका लागि विभागले व्यापक रूपमा जनचेतना अभिवृद्धिलाई प्राथमिकता दिएको छ, प्रदूषण गराउनेलाई निर्देशनसहितको सुझाव दिइरहेका छौँ । यसैगरी वातावरण विभाग र अन्य सरोकार भएका निकायबीचको समन्वय जरूरी छ ।”

**उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू**

- नून कम भएको स्वस्थ र पोपिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं।

स्वस्थ र दीर्घ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# किन बढ्दै छ, वायु प्रदूषण ?

**प्रगति ढकाल**

काठमाडौं, २२ चैत (रासस)।

वायु प्रदूषणका कारण काठमाडौं उपत्यका केही दिनयता विश्वकै पहिलो प्रदूषित सहरका रूपमा सूचीकृत भएको छ। 'एयर क्वालिटी इन्डेक्स' को तथ्याङ्क हेर्दा बिहीबार मध्याह्नसम्ममा पनि पहिलो प्रदूषित सहरका रूपमा सूचीकृत भई वायु प्रदूषण ३४८ एक्युआईसम्म पुगेको थियो।

प्रदूषण बढेसँगै विभिन्न सरकारी निकायदेखि वातावरणविज्ञ तथा चिकित्सकले विषेश चासो दिँदै सतर्कता अपनाउन र अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन अनुरोध गरेका छन्। प्रधानमन्त्रीको समेत जिम्मेवारी सम्हाल्नुभएका उपप्रधानमन्त्री प्रकाशमान सिंहले बिहीबार सरोकारवालासँग भेट गरी प्रदूषणलाई कसरी रोक्ने ? र असर कम गर्ने विषयमा छलफल गर्नुभएको थियो।

बिहीबार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विज्ञप्ति नै जारी गर्दै उपत्यकामा वायु प्रदूषण बढेसँगै उच्च सतर्कता अपनाउन आग्रह गरेको थियो। सरकारबाट स्वीकृत वायु गुणस्तर सूचकाङ्कानुसार ०-५० हुँदा राम्रो, ५१-१०० हुँदा मध्यम, १०१-१५० हुँदा संवेदनशील समूहका लागि अस्वस्थ, १५१-२०० अस्वस्थ, २०१-३०० निकै अस्वस्थ तथा ३०१ भन्दामाथि भएमा खतरनाक तह पुगेको सङ्केत गर्छ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले वायु प्रदूषणका कारण दम, फोक्सोका रोग, आँखाको समस्या, नाक र घाँटीमा एलर्जी, छालामा समस्या, हृदयरोग तथा दीर्घकालीन स्वास्थ्य समस्या देखिन सक्ने भएकाले संवेदनशील समूहहरू-बालबालिका, वृद्धवृद्धा, गर्भवती तथा दीर्घरोगीलाई विशेष सतर्कता अपनाउन सुझाव दिनुभयो।

विपद् व्यवस्थापन तथा जलवायुविद् डा धर्मराज उप्रेतीले पश्चिमी वायु कमजोर हुँदा बर्षा हुन पनि नसकेको र हावासमेत चल्न नसक्दा प्रदूषण जहाँको तहीँ थुप्रिएर पनि वायु प्रदूषण बढिरहेको बताउनुभयो। "यो समयमा तापक्रम बढ्दै गएको छ, कृषिवस्तु बाल्ने, वन डढेलो, पानी नपर्दा सडकको धुवाँधुलो वातावरणमा गएर मिस्सिनु, पश्चिमी वायु कमजोर हुँदा पानी पर्न सकेन। पानी परेको भए वायुमण्डलमा थुप्रिएको प्रदूषणमा जमिनमा खस्थ्यो र प्रदूषण हट्थ्यो", उहाँले भन्नुभयो, "तसर्थ जलवायु परिवर्तनले पारेको असरका कारण पनि मौसमी अवस्थामा परिवर्तन आउने, वर्षा हुन नसक्दा सुक्खा बढ्ने तथा आगलागी बढ्ने, वायुमा रहेको प्रदूषण हट्न नसकी प्रदूषण बढाउँछ।"

जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान माहाशाखाका मौसमविद् प्रतिभा मानन्धरले भने यो साता नै वर्षाको सम्भावना रहे पनि मौसम धुम्म नै रहने बताउनुभयो। "बिहीबारदेखि हल्का हावा चल्ने सम्भवना छ। तर प्रदूषण हटाउने किसिमको हावा चल्दैन", उहाँले भन्नुभयो, "पानी भने अर्को साता पर्ने सम्भवना पनि देखिन्छ। तर माहाशाखाले पूर्वानुमान मात्र गर्ने भएकाले लामो समयमा पूर्वानुमान नमिल्न पनि सक्छ। किनकि त्यो बेलासम्ममा परिवर्तन हुनसक्छ।" मानन्धरले वर्षा नहुँदा वातावरणीय प्रदूषण बढ्नुका साथै भिजिबिलिटी (पारदर्शिता) कम भई त्रिभुवन अन्तरराष्ट्रिय विमास्थलबाट हुने आन्तरिक उडान प्रभावित भएको बताउनुभयो।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीका अनुसार चार वर्षयता हिउँदे वर्षा कम भएको प्रिमनसुन लागिसक्दा पनि राम्रोसँग वर्षा हुन नसक्नु, वन डढेलो तथा अन्य आगलागीका घटना बढ्नु, वातावरणमैत्री पूर्वाधार निर्माण हुन नसक्नुलगायत कारण प्रदूषण बढेको छ।

"काठमाडौं कचौरा आकारमा पनि छ। पानी नपर्दा सतहमा रहेको प्रदूषण तल खस्न पाउँदैन र हावा पनि चलेको छैन। जसले गर्दा प्रदूषण उपत्यकामा नै थुप्रिएर बसेको छ", उहाँले भन्नुभयो।

**जेठसम्म वायु प्रदूषण उच्च**

विभागले नेपालमा विशेषगरी मङ्सिरदेखि जेठसम्म वायु प्रदूषण उच्च हुने गरेको भन्दै यस समयमा उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। वायु प्रदूषणको मुख्य कारण उद्योग, कलकारखाना र सवारीसाधनबाट निस्कने धुँवा, निर्माणकार्य, खुला रूपमा फोहर तथा कुहिने अवशेष जलाउनु, घरबाट निस्कने धुँवा, सडक तथा निर्माणकार्यबाट उड्ने धुलो आदि रहेको विभागले जनाएको छ।

विभागले वायु प्रदूषणको समयमा मानव स्वास्थ्यमा नकारात्मक असर पार्ने हुँदा बालबालिका, वृद्धवृद्धा, दमका बिरामी, गर्भवतीलाई बढी प्रभाव पर्ने भएकाले सावधानी अपनाउन अनुरोध गरेको छ।

**डढेलोको कारण प्रदूषण**

डढेलोविद् सुन्दर शर्माले यस वर्ष पनि हिउँदमा कम पानी पर्नु तथा प्रिमनसुन सुरु भएपछि पनि वर्षा हुन नसक्दा डढेलोको घटना बढेको र यसले वातावरणीय प्रदूषण बढाइरहेको बताउनुभयो।

"बुधबार मात्र २५३ स्थानमा डढेलो लागेको छ। मुलुकभर डढेलोको जोखिम रहे पनि विशेषगरी पर्सा, मकवानपुर, चितवन, बारा, उदयपुरलगायत ४५ जिल्लामा डढेलो बढी लागेको देखिन्छ", उहाँले भन्नुभयो, "हामीसँग डढेलो नियन्त्रणका लागि पर्याप्त साधन नहुनु, युवाहरू नुहँदा आगो नियन्त्रण गर्ने जनशक्तिको अभावले अझै चुनौती छ। डढेलो नियन्त्रण नभएसम्म प्रदूषण पनि नियन्त्रण हुँदैन।"

**मुटुरोगीलाई बढी असर**

पछिल्लो समय बढिरहेको वायु प्रदूषणका कारण विशेषगरी मुटुरोगीलाई बढी असर गर्ने भएकाले सतर्कता अपनाउनुपर्ने बताउनुहुन्छ, मुटुरोगी विशेषज्ञ डा रञ्जित शर्मा।

"मुटुरोगीलाई प्रदूषणको समयमा श्वासप्रश्वासमा बढी समस्या हुने, हृदयघात हुनसक्ने, अनियन्त्रित रक्तचाप हुने, मधुमेह, उच्च कोलस्ट्रोल, दीर्घरोगी, दमका रोगीले अझै सतर्कता अपनाउनुपर्छ", उहाँल भन्नुभयो, "प्रदूषणले जुनसुकै बेलामा पनि असर गर्ने भयो, तर बिहानको समयमा प्रदूषण बढी हुने भएकाले विशेषगरी मुटुरोग भएकाहरू घरबाहिर निस्कँदा ख्याल गर्नुपर्छ, आवश्यक पर्दा मात्र निस्किनुपर्छ। माक्सको प्रयोग गर्नुपर्छ।"

**आँखा समस्या**

तिलगङ्गा आँखा प्रतिष्ठानका आँखारोग विशेषज्ञ डा मुना कुँवरले प्रदूषित वायुमा हुने ब्याक्टेरिया वा भाइरसले आँखामा सङ्क्रमण गर्न सक्ने र जसले कन्जक्टिभाइटिस ( आँखा पाक्ने रोग)जस्ता समस्या निम्त्याउन सक्ने र हावामा रहेका प्रदूषक तत्वहरूले आँसु बनाउने ग्रन्थीलाई असर गरी आँखा चिलाउने, पोल्ने र रातो हुने समस्या आउने भन्दै सतर्कता अपनाउन आग्रह गर्नुभयो।

"अहिलेको प्रदूषणले आँखा चिलाउने वा सुक्खा हुनेहुँदा दृष्टि धमिलो देखिने समस्या देखिएको छ। प्रदूषणले आँखा चिलाउने, सुन्निने र अत्यधिक पानी बग्ने एलर्जीको प्रतिक्रिया निम्त्याउन सक्छ। यहाँ आउने बिरामी पनि आँखा पोल्यो भन्नुहुन्छ", उहाँले भन्नुभयो, "प्रदूषण बढी भएका ठाउँमा चश्मा वा सनग्लास लगाउने, आँखालाई बारम्बार सफा पानीले धुने, प्रदूषण प्रभावित क्षेत्रमा कम समय बिताउने, सकेसम्म घर बाहिर ननिस्कने, आँखा सुक्खा भएमा औषधि प्रयोग गर्ने, पोषणयुक्त खाना खाने र यदि समस्या बढ्दै गएमा चिकित्सकसँग परामर्श लिनुपर्छ।"

**छालामा पनि समस्या**

छालारोग विशेषज्ञ डा प्रज्ज्वल पुडासैनीले प्रदूषणका कारण छालामा पनि विभिन्न प्रकारका समस्या निम्तिन सक्ने भन्दै यस्तो बेला उच्च सतर्कता अपनाउनुपर्ने सुझाव दिनुभयो।

"प्रदूषण बढेको बेलामा केमिकल र धुलोका कणले छालामा एलर्जी गराउन सक्छ। जसले गर्दा छाला रातो हुने, पोल्ने वा दाग आउन सक्छन्। डन्डिफोर पनि आउन सक्छ। छालाको चमक हराउन सक्छ", उहाँले भन्नुभयो, "प्रदूषणले छालाको रोग प्रतिरोधी क्षमता कम गर्न सक्छ, जसले गर्दा विभिन्न प्रकारका सङ्क्रमण हुनसक्छ। छाला सुक्खा हुने र चिलाउने समस्या आउनुका साथै छालाको क्यान्सरसमेत हुनसक्छ।"

यसैगरी पुडासैनीले वायु प्रदूषणका कारण घाम तथा हावामा धेरै समय बस्ने वा काम गर्ने व्यक्तिको छालामा बढी असर गर्ने र प्रदूषणका कारण कम उमेरमा नै छाला चाउरिएर बुढ्यौलीपनजस्तो देखिने बताउनुभयो।

"छालालाई प्रदूषणबाट जोगाउन नियमित रूपमा सफा पानीले अनुहार सफा गर्ने, सकेसम्म घर बाहिर ननिस्कने, निस्कनै पर्दा सनक्रिम लगाउने, घर बाहिर निस्कँदा मास्क लगाउने र प्रदूषणबाट छाला जोगाउन उचित स्याहार आवश्यक छ", उहाँले भन्नुभयो, "यदि छालासम्बन्धी समस्या लामो समयसम्म रहन्छ भने छाला रोग विशेषज्ञसँग परामर्श लिनुपर्छ।"

**गर्भवती प्रभावित**

काठमाडौं नयाँबानेश्वरस्थित निजामती कर्मचारी अस्पतालका स्त्री तथा प्रसूति रोग विभाग प्रमुख डा जितेन्द्र परियारले वायु प्रदूषणका कारण सामान्य मानिसलाई भन्दा बढी गर्भवतीलाई असर गर्ने बताउनुहुन्छ।

"गर्भवतीले धुमपान गर्न हुँदैन, जसरी धुमपानले बच्चाको वृत्तिविकासलाई असर गर्छ, त्यसरी नै प्रदूषणका कारण पनि गर्भमा रहेको बच्चालाई असर गर्छ", उहाँले भन्नुभयो, "प्रदूषण न्यूनीकरणका लागि राज्यले नीति नै बनाएर त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। यस्तो बेलामा सकेसम्म गर्भवतीहरू घर बाहिर ननिस्कने, निस्कनै पर्दा माक्सको प्रयोग गर्नुपर्छ।"

**जनचेतनासहित आपत्काल घोषणा गर्न सुझाव**

वातावरणविद् भूषण तुलाधारले प्रदूषण वृद्धिको अवस्था हेरेर आपत्कालीन अवस्था घोषणा गर्न सरकार अब तयार हुनुपर्नेबताउनुभयो।

"अहिले कतिपय बेलामा वायु प्रदूषणको अवस्था तीन सय एक्युआई कटेको छ। तीन सय कट्नेबित्तिकै विपद्को अवस्था घोषणा गर्नुपर्नेमापदण्ड छ", उहाँले भन्नुभयो, "अहिले प्रदूषणको अवस्था घटबढ हुँदा घोषणा गर्नु पर्दैन। तर प्रदूषण बढ्दो छ। कसरी सतर्कता अपनाउने ? व्यापक जनचेतनासहित प्रदूषण बढिरहेमा आपत्कालीन अवस्था पनि घोषणा गर्नुपर्छ।"

**स्वच्छ वातावरणको हक खोइ ?**

वातावरण कानुनका विज्ञसमेत रहनुभएका वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्माले संवैधानिक सर्वोच्चता भएका मुलुकमा स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हक कार्यान्वयन नहुँदा मानवअधिकार नै हनन भएको भन्दै टिप्पणी गर्नुभयो।

"यतिबेला एकदमै प्रदूषण बढिरहेको छ। संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउने हक दिए पनि नागरिकले मौलिक हकको प्रत्याभूति गर्न पाइरहेका छैनन्", उहाँले भन्नुभयो, "अनि संविधानमा व्यवस्था भएको मौलिक हक राज्य सञ्चालकका लागि मात्र हो त ? नागरिकले खै प्रत्याभूति गर्न पाएका ? अब न्यायिक निष्पक्षतामा अनुसन्धान हुनुपर्छ।"

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक प्रत्याभूत गरिएको छ। नेपालको संविधानको धारा ३० को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक व्यवस्था गरिएको छ। नेपालको संविधानको धारा ३० को उपधारा (२) मा वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चित गरिएको छ। धारा ३० को उपधारा (३) मा राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन भनी उल्लेख छ।

संविधानको भाग ४ मा उल्लेखित राज्यका नीतिमा वातावरणीय सन्तुलन, पर्यावरणीय दिगो विकास, प्राकृतिक प्रकोपबाट हुने क्षतिको न्यूनीकरण गर्न पूर्वतयारी, उद्धार, राहत एवं पुनःस्थापना, प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग, वातावरण अनुकूल विकास, विकासमा सहभागिता अभिवृद्धिलगायत व्यवस्था समेटिएको छ।

**नीतिगत व्यवस्था कस्तो छ ?**

काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ ले पनि सरकारले निर्धारण गरेको एक्युआइको मान ३०० भन्दा बढी भएको अवस्थालाई विपद्को रूपमा लिने बताएको छ। यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रमुर तथा भ्याकुमको प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्न कार्ययोजनामा उल्लेख छ।

राष्ट्रिय वातावरण नीति, २०७६ अनुसार प्रदूषण न्यूनीकरण गर्न जल, वायु, माटो, ध्वनि, विद्युत्-चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने सरकारको रणनीति छ। प्रमुख सहर, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्साङ्कन गरिने रणनीतिमा उल्लेख छ।

"औद्योगिक तथा अन्य क्षेत्रबाट निस्कने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिने छ। उद्योग र अन्य व्यवसायहरूबाट निष्काशन हुने प्रदूषणयुक्त धुवा, धुलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने छ", नीतिमा उल्लेख छ, "घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्न सौर्य चुलो, विद्युतीय चुलो, बायोग्यास, सुधारिएको चुलो, चिम्नीजस्ता उपकरणको प्रवर्द्धन गरिने छ। ऊर्जा किफायती भवन निर्माणमा जोड दिइने छ।"

काठमाडौं उपत्यकाको वायु साँच्चिकै हानिकारक र यसको गुणस्तर खस्किने क्रम तीव्र रूपमा निरन्तर बढिरहेको सम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय अध्ययन प्रतिवेदन आइरहेका छन्। सार्वजनिक 'इन्भारोमेन्ट परफर्मेन्स इन्डेक्स २०१८' को १८० मुलुकमा गरिएको अध्ययनमा वायु प्रदूषण बढी भएका पाँच राष्ट्रको सूचीमा नेपाल परेको छ।

वातावरण विभागले उपत्यकालाई लक्षित गरी धुलिखेल, पुल्चोक, रत्नपार्क, त्रिवि कीर्तिपुर, सैँबु, सैनिक विद्यालय भक्तपुरमा प्रदूषण मापन केन्द्र स्थापना गरेको छ। सेन्ट्रल सिस्टममा डाटा जाने र सर्वसाधारणले प्रदूषण अवस्थाको जानकारी लिनसक्ने व्यवस्था मिलाइएको छ।

**दीर्घकालीन रणनीति आवश्यक**

वातावरणविद् भूषण तुलाधारले बर्सेनि हिउँद र प्रिमनसुनको समयमा वातावरणीय प्रदूषण बढिरहेको भन्दै न्यूनीकरणका लागि मुलुकभर प्रदूषण न्यूनीकरणसम्बन्धी दीर्घकालीन रणनीति आवश्यक रहेको र त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताउनुभयो।

"अहिले प्रदूषण बढिरहेको बेला तत्काल के गर्ने भनेर सरकार तयार हुनुपर्छ। डढेलो नियन्त्रण गर्ने, खुला ठाउँमा आगो लगाउन नदिने, जनचेतान अभिवृद्धि, धुँवा निकाल्ने सवारीसाधनलाई कडाइका साथ कारबाही गर्नेलगायत काम गर्नुपर्छ", उहाँले भन्नुभयो, "दीर्घकालीन रूपमा चाहिँ विद्युतीय सवारीसाधन प्रवर्द्धन गर्ने, सुधारिएको चुलोलाई प्रथामिकता दिने गर्नुपर्छ। वायु गुणस्तर कार्ययोजना मुलुकभर तत्काल बनाउनुपर्छ।"

राष्ट्रिय जनगणना २०७८ मा ५१ प्रतिशतले अझै दाउरा र तीन प्रतिशतले गुइँठा बाल्ने गरको देखाउँछ। "घरभित्रको प्रदूषणले महिला तथा बालबालिकालाई अझै बढी प्रभाव पार्छ", तुलाधारले भन्नुभयो, "नेपालमा वार्षिक ४८ हजार ५०० जनाको मृत्यु वायु प्रदूषणबाट हुने गरेको पछिल्लो अध्ययनले देखाएको छ।"

**प्रदूषण नगर्न निर्देशन**

वन तथा वातावरण मन्त्रालयअन्तर्गत वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले वातावरणीय प्रदूषण गर्नेलाई अबदेखि प्रदूषण नगर्न निर्देशन दिए पनि कडाइका साथ कारबाही भने गर्न नसकिएको बताउनुभयो। "जसले प्रदूषण गर्नुभएको छ, प्रदूषण नगर्नका लागि हामीले निर्देशन दिएर सुझाव दिएका छौँ। प्रदूषकलाई कारबाही भने गर्न सकिरहेका छैनौँ", उहाँले भन्नुभयो, "वातावरणीय प्रदूषण न्यूनीकरणका लागि निर्देशन नमान्नेलाई कारबाही पनि गर्छौं।"

महानिर्देशक सुवेदीका अनुसार प्रदूषण न्यूनीकरणका लागि विभागले व्यापक रूपमा जनचेतना अभिवृद्धिलाई प्राथमिकता दिएको छ, प्रदूषण गराउनेलाई निर्देशन गरेर सुझाव दिइएको छ। विभागले डढेलो लगाउने कार्य सार्वजनिक अपराध भएको हुँदा यस्ता कार्य नगर्न, घरायसी ठोस तथा प्लाष्टिकजन्य फोहर र कृषिजन्य अवशेष नजलाउन, सवारीसाधनको नियमित मर्मतसम्भार गर्न, उद्योग कलकारखाना तथा भान्सामा स्वच्छ ऊर्जाको प्रयोग गर्न, सडक तथा निर्माणकार्यबाट उड्ने धुँवाधुलोको यथोचित नियन्त्रण गर्न सुझाव दिएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# युवा, उद्यम र रोजगारी

**शीतलप्रसाद महतो**
काठमाडौँ, २२ चैत (रासस)।

कुनै पनि मुलुकको विकास र समृद्धिको आधारस्तम्भ नै युवा हो। सक्रिय युवाको बाहुल्यता नै कुनै पनि मुलुकको विकास र समृद्धिको मेरुदण्ड हो। कुनै पनि मुलुकका लागि युवाको बाहुल्यता भएको समयावधि ५०-६० वर्षको हुन्छर। त्यसपछिको अवधि भनेको अहिलेका युवा वृद्धावस्थामा प्रवेश गर्ने अवधि होर। यो अवधिमा अधिकांशले केटाकेटीसरह नै बसीखाने आश्रित समुदायमा पर्दछन्। उमेर बढ्दै जाँदा उपचार खर्च पनि बढ्छ र सोही अनुसार स्वास्थ्यकर्मी र अस्पतालको सङ्ख्या वृद्धि गर्नुपर्ने हुन्छर। अन्ततः यसले सरकारकै खर्च बढाउँछर। वृद्धभत्ता, पेन्सनजस्ता सामाजिक सुरक्षाभत्तामा बर्सेनि ठूलो धनराशि बजेटमा छुट्याउनुपर्दा राज्यले ठूलो व्ययभार बोक्नुपर्ने हुन्छर। यसरी एकातिर राज्यको व्ययभार बढ्ने, अर्कोतिर आर्थिक रूपले सक्रिय उमेर समूहको अनुपात घट्दा आर्थिक वृद्धिमा प्रतिकूल असर पर्ने सम्भावना रहन्छर। तर युवाको जोस, जाँगर र नयाँ विचारलाई उत्पादनमूलक आर्थिक क्रियाकलापमा लगाउँदा अर्थतन्त्र समुन्नतितर्फ लम्किन्छ। युवामा अथाह साहस, जोस, जाँगर र क्षमता हुन्छ, जुन नेपालका सन्दर्भमा दिनानुदिन खेर गइरहेको छ। उनीहरू भोलिका कर्णधार मात्र होइनन्, आजका आर्थिक सामाजिक परिचालक पनि हुन्। त्यसैले युवाको ऊर्जालाई मुलुकको अर्थतन्त्रको सुधारका लागि लगाउनुपर्ने अहिलेको आवश्यकता छ।

काम गरे नै मुलुकको विकास र समृद्धि हुन्छर। भाषण र गफले हुँदैन भन्ने विगतको अनुभवले पुष्टि भइसकेको छ। विकास र समृद्धिका लागि मुख होइन, हात र यन्त्र चलाउन सक्नुपर्छर। यसका लागि युवा समूहको भूमिका महत्वपूर्ण हुन्छ। विकास पूर्वाधारको निर्माण र उपयुक्त आर्थिक नीतिमार्फत लगानी र श्रम गर्नेलाई उत्साहित गर्नु राज्यको प्रमुख दायित्व हो। १५ देखि ६५ वर्षसम्मको उमेर समूहलाई कामकाजी वा आर्थिकरूपले सक्रिय हुन सक्ने जनशक्ति मानिन्छर। २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार यस उमेर समूहको अनुपात ६७ प्रतिशत रहेको अनुमान छर। तीमध्ये पनि युवाको जनसङ्ख्या ४२ दशमलव ५६ प्रतिशत छ। त्यसमध्ये करिब ६० प्रतिशत युवा वैदेशिक रोजगारीमा छन्। यसरी आर्थिक रूपले सक्रिय हुन सक्ने उमेर समूहको जनसङ्ख्याको अनुपात अधिक हुनुलाई जनसाङ्ख्यिकी लाभ उपलब्ध भएको भनिन्छर। यस्तो लाभको उपयोग गरी मुलुकलाई विकास र समृद्धिको बाटोमा डोर्‍याउन सकिन्छ। तर विडम्बना, जनगणनाकै तथ्याङ्कअनुसार देशमा १९.८ प्रतिशत युवा पूर्ण बेरोजगार छन्। बर्सेनि पाँच लाखभन्दा बढी युवा श्रम बजारमा प्रवेश गर्छन्। तीमध्ये पनि १० प्रतिशत मात्र स्वदेशमा नै रोजगारीका अवसर प्राप्त गर्छन्।

विश्व बैङ्कका अनुसार रोजगारीको प्रमुख क्षेत्र निजी व्यवसाय हो, जसले ९० प्रतिशत रोजगारी सिर्जना गर्छ। त्यसमा पनि घरेलु, साना तथा मझौला उद्योगको योगदान अझ बढी छ। सरकारी क्षेत्रमा वार्षिक करिब पाँच हजारले मात्र अवसर पाउँछन्। नेपालमा युवा बेरोजगारीको अवस्था गम्भीर छ। विभिन्न अध्ययन र सर्वेक्षणहरूले यो समस्या उजागर गरेका छन्।

राष्ट्रिय जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार, देशको कुल बेरोजगारी दर १२.६५ पुगेको छ। विशेषगरी १५ देखि २४ वर्ष उमेर समूहमा यो दर २२.७५ रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत, चालु आर्थिक वर्षमा सूचीकृत बेरोजगारको सङ्ख्या करिब आठ लाख पुगेको छ। तथ्याङ्कको विश्लेषण गर्दा नेपालमा युवा बेरोजगारी दर उच्च रहेको देखिन्छ। यो समस्या समाधान गर्न दीर्घकालीन रोजगार सिर्जना, सीप विकास र उद्यमशीलता प्रवर्द्धनमा राज्यले ध्यान दिन आवश्यक छ। नेपालमा रोजगारीका बहुआयामिक विषय अझै पनि पहिचान, अभिवृद्धि र निरन्तरता कायम गराउन निकै चुनौती छ। यही अवस्थामा नेपालमा सबै युवाका लागि रोजगारी सिर्जना हुन सम्भव छैन। यसले दक्ष, अर्धदक्ष र अदक्ष सबै प्रकारका युवालाई रोजगारीको खोजीमा देशबाटै पलायन हुनुपर्ने बाध्यता सिर्जना भएको छ। व्यापक रूपमा विस्तारित उद्यमशीलता विकासले मात्र श्रम बजार फराकिलो हुँदै जानेछ। अहिले नेपाली श्रम बजारमा केही विडम्बना पनि अनुभव हुँदैछ। कतिपय उद्योग प्रतिष्ठानले मुलुकभित्र सीपयुक्त जनशक्ति पाउन नसकेर बाहिरबाट ल्याउनु परेको छ। कतिपय कालिगढ भारत र बङ्लादेशबाट आउने गरेका छन् तर नेपाली भने काम नपाएर सस्तो श्रम गर्न विदेश जानुपर्ने बाध्यता छ। काम, श्रम र सीपको प्रभावकारी सन्तुलन मिल्न सकेको छैन। नेपाली शिक्षा बेरोजगार उत्पादन गर्ने कारखाना जस्तो भएको भनेर पनि आलोचना हुने गरेको छ। शिक्षालाई श्रम, सीप, रोजगारी, उद्यमशीलता र स्वरोजगारीसित प्रभावकारी रूपमा जोड्न सकिएको छैन। सीप र दक्षता भएको श्रम शक्तिले देशभित्र र बाहिर दुवैतिर काम गर्न सक्छ। बाहिर गएको कतिपय ठूलो जनशक्ति पनि दक्ष हुन नसक्दा मर्यादित काम पाउन कठिन भएको छ। मर्यादित श्रम वातावरण बनाउन पनि यो रोजगारी प्रवर्द्धन दशकले भूमिका निर्वाह गर्नुपर्छ। श्रमलाई प्रतिफलयुक्त बनाउनुपर्ने छ। श्रमको उचित मूल्य अर्थात् ज्याला पाउने अवस्थासमेत सिर्जना गर्नु आवश्यक छ। वैदेशिक रोजगारीबाट फर्केका धेरै नेपाली देशभित्र उद्यम गर्न चाहन्छन्। त्यसका निम्ति लगानीका वातावरण बनाउनुपर्ने छ।

यसरी विश्वव्यापीकरणसँगै सिङ्गो विश्व नै एउटा गाउँ भएको छ। सञ्चार एवम् प्रविधिको क्षेत्रमा आएको छलाङसँगसँगै वैदेशिक रोजगारीमा रहेका नेपालीका सामु पनि अवसर र चुनौती एकसाथ रहेका छन्। विदेशमा रहँदा विकसित मुलुकले गरेको विकास पछाडिका रहस्यहरू बुझ्ने सबैभन्दा ठूलो अवसर प्राप्त भएको छ। विकासका लागि शासन व्यवस्था, सरकारका अङ्गहरूले प्रदान गर्ने सेवासुविधा, सार्वजनिक प्रशासनको चुस्तदुरुस्त सेवाप्रवाह, सुशासन र अझ भनौँ समयको महत्व तथा अनुशासन महत्वपूर्ण पक्ष हुन्। सही व्यक्ति सही समयमा सही ठाउँमा भएन भने देशको भविष्य अन्धकार हुन्छ। त्यसरी नै अनुशासन मानवजगत्को गहना हो, भाग्यमाथिको अन्धविश्वास अनुशासन होइन। अर्को महत्वपूर्ण अवसर भनेको वैदेशिक रोजगारीमा रहँदा सिकेको सीप नेपालको हावापानी अनुसार केही परिमार्जनसहित प्रयोगको अवसर पनि हो। अहिले केही युवाले रगत र पसिना नेपालमा नै बगाउनुपर्छ, सुन फल्छ भन्दै विभिन्न उद्यमशीलतामा लागेर सबैलाई हौसला प्रदान गरेका छन्। आजका विकसित मानिएका राष्ट्रहरू त्यसै विकसित भएका होइनन्, त्यहाँका कम्तीमा एक-दुई पुस्ताले अधिक श्रम गरेर सम्भव भएको हो। त्यो सोचको विकास गरेर हामीले विकासको नेतृत्व गर्न सक्छौँ कि सक्दैनौँ भन्ने चुनौती छ। समय र अनुशासनको पालना गर्दै श्रमको सम्मान गर्न सक्छौँ कि सक्दैनौँ, बोली र व्यवहारमा एकरूपता ल्याउन सक्छौँ कि सक्दैनौँ, आफूले प्राप्त गरेका अधिकारलाई जिम्मेवारपूर्वक कर्तव्यमा ढाल्न सक्छौँ कि सक्दैनौँ, विदेशी भूमिमा भएर पनि नेपालमै जसरी हल्ला गर्ने, उद्दण्डता देखाउने, नियम-कानुन मिचेकामा गर्व गर्ने गर्छौं कि सभ्य नागरिक भएर बाँच्न सिक्छौँ। अहिलेको अहम् प्रश्न हो।

नेपालमा अहिले पनि कुन क्षेत्रमा कति रोजगारीका नयाँ अवसर छन्। कृषिदेखि एआई आइटीसम्म कस्ता सम्भावना देखिन्छन्। अझै पनि सरकारले युवालाई कुन मार्गमा हिँडाउन खोजेको छ भन्ने स्पष्ट मार्गचित्र नीति, कार्यक्रम र बजेटको तादाम्यता छैन। नवीन ज्ञान, सीप र क्षमता भएका उद्यमलाई व्यवसाय गर्नका निम्ति युवालाई आशा, अवसर र आत्मविश्वास चाहिएको छ। पहिलो स्वदेशमा नै पौरख र पसिना बगाउने उत्प्रेरणा चाहिएको छ। जबसम्म आफ्नो माटो कोट्याउने नीति लिन सक्दैनौँ कुनै पनि अन्य वैकल्पिक उपायले हामी समुन्नतितर्फको यात्रा प्रारम्भ गर्न सक्दैनौँ। युवा उद्यम, साना मझौला व्यवसाय र नवप्रवर्तक 'स्टार्टअप'लाई नीतिगत र व्यावहारिक रूपमा पनि अझै व्यवस्थित, उपलब्धिमूलक र आकर्षित बनाउन सामूहिक प्रयत्नको खाँचो देखिएको छ। नयाँ रोजगारी सिर्जना र उत्पादनमा आत्मनिर्भरता ल्याउने खालका उपयुक्त नीति र नतिजामा प्रस्ट देखिनुपर्ने चुनौती र अवसर राज्यसँग छ।

श्रमको उत्पादकत्वमा उत्पादन तथा आयाम वृद्धि गर्न सकिन्छ भने कतिपय स्थितिमा श्रमलाई रोजगारी अनुकूल बनाएर काममा लगाउन सकिन्छर। हिजोआज उत्पादनमा श्रम, पुँजी र प्रविधिबीचको सन्तुलित प्रयोगले युवाका लागि व्यापक रोजगारी सिर्जना गरेको देखिएको छर। सर्वसुलभ गुणस्तरीय शिक्षा, स्वास्थ्य, तालिम आदिको विस्तारबाट राज्यले भविष्यमा श्रमको उत्पादकत्वमा अनुकूल

***बाँकी अन्तिम पृष्ठमा***


राजविराज नगरपालिका
८ नं. वडा कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
चलानी नम्बर: ५५३
मिति: २०८१/११/१९

विषय -कार्यक्रम को प्रस्ताव पेश गर्ने सम्बन्धमा
प्रथम पटक प्रकाशित मिति : २०८१/११/१९

सुचना !! सुचना !! सुचना !!

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी रा.वि.न.पा नगर सभा बाट पारित भएको योजनाहरु मध्ये चालु आ.व २०८१/०८२को वडा स्तरीय यो[illegible]अन्तर्गत वडा नं ०८को योजना बजेट रु.५,००,०००/- को सिमा भित्र रही डीहवार थानमा नवाहा अष्टयाम कार्यक्रम को लागि सम्बन्धित संघ,संस्था ले आ-आफ्नो संघ -संस्था को मु. अ.कर, प्रमाणपत्र,विधान ,सुचिदर्ता प्रमाण पत्र प्रतिलिपि सहितको कार्यक्रम को प्रस्तावना सहित ७दिन राजविराज नगरपालिका को सामाजिक विकास शाखा मा निवेदन पेश गर्नुहुन् यो सुचना प्रकाशन गरिएको छ ।

सम्पर्क कर्मचारी-श्री अनिता कुमारी चौधरी ,मो.न.९८०४७१२०९६

जय नारायण मण्डल
वडा अध्यक्ष
जय नारायण मण्डल
वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं ८


# विश्व समाचार

## सिरियामा इजरायली आक्रमणको निन्दा

न्युयोर्क, २२ चैत (रासस/एएनआई)।

सिरियाका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष दूत गियर पेडरसनले सिरियामा इजरायलले निरन्तर रुपमा गरेको सैन्य परिचालन तथा आक्रमणको निन्दा गर्नु भएको छ।

उहाँले मानवता विरोधी कार्यको विरोध गर्दै आक्रमणको कारण निर्दोष नागरिकले ज्यान गुमाउनु परेको बताउनुभएको छ।

त्यस्ता क्रियाकलापले यस क्षेत्रको शान्ति तथा नयाँ सिरिया निर्माण प्रयासलाई कमजोर बनाई संवेदनशील समयमा सिरियालाई अस्थिर बनाउने पेडरसनले विज्ञप्तिमार्फत जनाउनु भएको छ।

विशेष दूतले इजरायललाई यस्ता आक्रमणहरू रोक्न आह्वान गर्दै यस्ता काक्रमणले अन्तर्राष्ट्रिय कानूनको पालना गर्दै सिरियाको सार्वभौमिकता र विद्यमान सम्झौताहरूको सम्मान गर्न एकपक्षीय आक्रमण रोक्न आह्वान गर्नुभएको छ।

उहाँले सम्बन्धित पक्षलाई सुरक्षा सुनिश्चित गरी थप तनाव रोक्न कूटनीतिक समाधान र संवादलाई प्राथमिकता दिनसमेत आग्रह गर्नुभएको छ।

## दुई छोरासहित हमासका वरिष्ठ नेताको मृत्यु

बेरुत, २२ चैत (रासस/सिन्ह्वा)।

लेबनानको सिडोनस्थित एक अपार्टमेन्टमा शुक्रबार भएको इजरायली ड्रोन आक्रमणमा हमासका वरिष्ठ अधिकारी हसन फरहत र उहाँका दुई छोराको मृत्यु भएको लेबनानी सेना र अल जदीद टिभी च्यानलले जनाएको छ।

इजरायली ड्रोनले मध्य सिडोनको अल-जहरास्थित हमास नेता हसन फरहत बस्ने अपार्टमेन्टमा क्षेप्यास्त्र प्रहार गरेको लेबनानको सुरक्षा स्रोतले जनाएको छ। क्षेप्यास्त्र प्रहारबाट अपार्टमेन्टमा आगलागी हुदाँ फरहत र उहाँका दुई छोराको मृत्यु भएको स्रोतले जनाएको छ।

अपार्टमेन्टमा फैलिएको आगो अग्नि नियन्त्रक तथा नागरिक सुरक्षाका कर्मचारीहरूले निभाएको तथा लेबनानी रेड क्रसका एम्बुलेन्सले शवहरू अस्पताल पुर्‍याएको रिपोर्ट गरिएको छ।

सन् २०२४ नोभेम्बर-२७ मा सुरु भएको हमला हेजबुल्लाह र इजरायलबिचको युद्धविरामको बावजुद इजरायली सेनाले लेबनानको सिमानाका पाँच प्रमुख बिन्दुहरूमा सैन्य उपस्थिति कायम राखी आक्रमण गरिरहेको छ।

## ट्रम्पद्वारा ५० लाख डलरको 'गोल्ड कार्ड' भिसा सार्वजनिक

वासिङ्टन, २२ चैत (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार एयर फोर्स वानमा ५० लाख अमेरिकी डलरमा बिक्री भएको पहिलो 'गोल्ड कार्ड' अनावरण गर्नुभएको छ। आफ्नो अनुहार अंकित प्रोटोटाइप र 'द ट्रम्प कार्ड' लेखिएको फोटो बोकेका रिपब्लिकन राष्ट्रपतिले पत्रकारसँग भन्नुभयो, "विशेष भिसा सम्भवतः दुई हप्ताभन्दा कम समयमा उपलब्ध हुनेछ।"

"बहुत रोमाञ्चक कुरा म पहिलो खरीदकर्ता भएको छु," उहाँले भन्नुभयो। ट्रम्पले यसअघि परम्परागत ग्रिनकार्डको उच्च मूल्यको संस्करण नयाँ भिसाको बिक्रीले रोजगारी सिर्जना गर्ने र अमेरिकी राष्ट्रिय घाटा कम गर्न प्रयोग गर्न सकिने बताउनुभएको थियो।

आफ्नो दोस्रो कार्यकालका लागि लाखौँ कागजातविहीन आप्रवासीलाई देश निकालालाई प्राथमिकता दिएका अर्बपति पूर्व 'रियल इस्टेट' व्यवसायीले नयाँ कार्डअत्यधिक मूल्यवान् अमेरिकी नागरिकताको मार्ग हुने बताउनुभएको छ। फेब्रुअरीमा उहाँले आफ्नो प्रशासनले 'शायद १० लाख' कार्डहरू बेच्ने आशा गरेको बताउनुभएको थियो र उहाँले यसको खरिद्का लागि रूसी कुलीन वर्गहरू योग्य हुन सक्छन् भन्ने कुरालाई समेत इन्कार गर्नुभएको थिएन।

## भारतीय अभिनेता मनोज कुमारको ८७ वर्षको उमेरमा निधन

मुम्बई, २२ चैत (रासस/एएफपी)।

देशभक्तिपूर्ण विषयवस्तुमा आधारित हिन्दी भाषाका चलचित्रमा अभिनय गरेका भारतीय अभिनेता मनोज कुमारको ८७ वर्षको उमेरमा शुक्रबार निधन भएको छ।

'भारत' कुमारको नामले प्रसिद्ध अभिनेता मृत्युप्रति सामाजिक सञ्जालमा देश विदेशबाट श्रद्धाञ्जलि व्यक्त गरिएको छ। उहाले हिन्दी सिनेमाका लागि अभिनेता, फिल्म निर्देशक, पटकथा तथा गीत लेखनका साथै सम्पादकका रूपमा योगदान गर्नुभएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारुढ हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) का सदस्य समेत रहेका कुमारको मुटुसम्बन्धी समस्याका कारण मुम्बईमा निधन भएको थियो।

भारतका प्रधानमन्त्री मोदीले कुमारलाई भारतीय सिनेमाको 'प्रतीक' को संज्ञा दिँदै भन्नुभयो, "उहाँको कामले राष्ट्रिय गौरवको भावनालाई प्रज्वलित गरेको छ र पुस्तौँ पुस्तालाई प्रेरणा दिइरहनेछ।"

आफ्नो व्यवसायिक पेशामा कुमारको अभिनयको लागि भारतीयहरूले उहाँलाई उच्च आदर दिने गरेका छन्। उहाँलाई हिन्दी फिल्म निर्देशनमार्फत् एकता र राष्ट्रिय गौरवमा ध्यान केन्द्रित गर्ने सिने कलाकारका रूपमा चिनिन्थ्यो। हरिकृष्ण गोस्वामीको रूपमा जन्मिएका उहाँले बलिउड परम्परामा आफ्नो नाम मनोज कुमार राख्नुभएको थियो।

उहाँले सिनेमाको लागि भारतको सर्वोच्च सम्मान दादासाहेब फाल्के पुरस्कारसहित धेरै राष्ट्रिय पुरस्कारहरू प्राप्त गर्नुभएको थियो।

कुमारले सन् १९५० को दशकको अन्त्यतिर भारतीय सिनेमामा डेब्यु गर्नुभएको थियो। उहाँले 'उपकार' (१९६७), 'पूरब और पछिम' (१९७०) र 'क्रान्ति' (१९८१) लगायत देशभक्तिपूर्ण विषयवस्तुका थुप्रै चलचित्रमा अभिनय गर्नुभएको थियो।

# कुलमानको दाबी- लोडसेडिङ अन्त्य, चुहावट नियन्त्रण र विद्युतीकरणमा उल्लेख्य सफलता

काठमाडौँ, २२ चैत (रासस) ।

नेपाल विद्युत् प्राधिकरणका निवर्तमान कार्यकारी निर्देशक कुलमान घिसिङले आफ्नो कार्यकालमा लोडसेडिङ अन्त्य, चुहावट नियन्त्रण, विद्युतीकरण र संस्थागत सुदृढीकरणमा उल्लेख्य प्रगति भएको दाबी गर्नुभएको छ ।

शुक्रबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँले यसबीचमा ९९ प्रतिशतभन्दा बढी परिवारमा विद्युत्‌को सुविधा पुऱ्याउन सफल भएको बताउनुभयो । "निरन्तर घाटामा रहेको संस्था ऐतिहासिक नाफामा गयो, अर्बौं रुपैयाँ कमाउन सफल भयो । प्राधिकरणको सम्पत्ति करिब तीन गुणा वृद्धि गरी आर्थिक र प्राविधिक रूपमा यसलाई सशक्त र आत्मनिर्भर बनाइयो", घिसिङले भन्नुभयो, "यो नाफा जनताकै सुविधा र विद्युत् पूर्वाधार विकासमा पुनः लगानी भएको छ ।"

आव २०७२/७३ सम्म प्राधिकरणको सञ्चित घाटा करिब रु ३५ अर्ब रहेको र सोही आवको मात्रै घाटा करिब रु नौ अर्ब रहेकोमा आव २०७३/७४ बाट निरन्तर नाफामा ल्याई सञ्चित घाटा पूर्ति गरी आव २०८०/८१ सम्ममा सञ्चित नाफा करिब रु ४७ अर्ब पुगेको उहाँले जानकारी दिनुभयो । आव २०७२/७३ मा प्राधिकरणको कूल सम्पत्ति करिब २११ अर्ब रुपैयाँ रहेकामा हाल करिब ६४४ अर्ब रुपैयाँ पुगेको छ । यो नाफा महसुल वृद्धि गरेर भएको हैन बरु यस अवधिमा पटक-पटक गरी ३ पटकमा करिब २५ प्रतिशत महसुल घटाउँदा पनि भएको नाफा हो ।

प्राधिकरणले स्थापनाकालदेखि नेपाल सरकारलाई विभिन्न शीर्षकमा आव २०७२/७३ सम्म ३२ वर्षमा करिब २६ अर्ब रुपैयाँ भुक्तानी गरेकामा पछिल्लो आठ वर्षमा सावाँ, ब्याज, कर तथा रोयल्टीसमेत गरी कुल ८२ अर्ब रुपैयाँ भुक्तानी गरेको छ ।

पछिल्लो आठ वर्षमा प्राधिकरणले मात्र करिब एक खर्ब रुपैयाँ उत्पादन, प्रसारण र वितरण संरचनामा लगानी गरेको छ, भने सहायक र सम्बद्ध कम्पनीमा करिब ५७ अर्ब रुपैयाँ लगानी गरेको घिसिङले जानकारी दिनुभयो । वर्षायाममा समेत विद्युत आयात गर्नुपर्ने अवस्था रहेकोमा विगत तीन वर्षदेखि वर्षायाममा भारतमा विद्युत् निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सफल भएको उहाँको भनाइ छ ।

गत आवबाट विद्युत् आयातभन्दा निर्यात बढी गरी करिब १७ अर्बको विद्युत् निर्यात भएको थियो । साथै नेपालसँग सीमा नजोडिएको तेस्रो देश बङ्गलादेशसम्म पनि गत नोभेम्बरबाट ४० मेगावाट विद्युत् निर्यात गर्न सुरु भएको छ । आव २०७२/७३ मा करिब २६ प्रतिशत विद्युत् प्रणालीको चुहावट रहेकामा आव २०८०/८१ मा १२.७३ प्रतिशत कायम गर्न सफलता प्राप्त भएको जानकारी दिँदै घिसिङले यसबाट प्राधिकरणको वित्तीय अवस्था सुधार गर्न ठूलो योगदान पुगेको बताउनुभयो ।

# सञ्चय कोषद्वारा पाँच अर्ब ३४ करोड मुनाफा वितरण

काठमाडौँ, २२ चैत (रासस) ।

कर्मचारी सञ्चय कोषले गत आर्थिक वर्षमा आर्जन गरेको कुल मुनाफाबाट सञ्चयकर्ता तथा योगदानकर्तालाई करिब रु पाँच अर्ब ३४ करोड मुनाफा वितरण गरेको छ । सञ्चयकर्ताको खातामा करिब रु पाँच अर्ब २७ करोड र योगदानमा आधारित निवृत्तभरण कोषका योगदानकर्ताको खातामा करिब रु छ करोड ४३ लाख मुनाफा जम्मा गरिएको कोषले जनाएको छ ।

कोष सञ्चालक समितिको यही चैत १७ गतेको बैठकले आव २०८०/८१ को वित्तीय विवरण स्वीकृत गर्दै सञ्चयकर्ता तथा योगदानकर्ताहरूको व्यक्तिगत खातामा रहेको सुरु मौजदात रकममा एक दशमलव १० प्रतिशतका दरले हुने रकम मुनाफाका रूपमा वितरण गर्ने निर्णय गरेको थियो ।

कोषले प्रत्येक आर्थिक वर्षमा आर्जन गरेको कुल मुनाफाको ९२ प्रतिशत रकम सञ्चयकर्ताका लागि मुनाफा र कल्याणकारी प्रयोजनका लागि वितरण गर्ने गरेको छ । बाँकी रकम विभिन्न जगेडा कोषमा राख्ने गरिएको छ ।

कोषले सञ्चयकर्ता तथा योगदानकर्तालाई चालु आर्थिक वर्षमा सञ्चित रकममा पाँच दशमलव ५० प्रतिशतका दरले व्याज प्रदान गरिरहेको छभने सञ्चित रकमको सुरक्षणमा सञ्चयकर्ता तथा योगदानकर्ताले कोषबाट छ दशमलव ६० प्रतिशत व्याजमा सञ्चित रकमको ९० प्रतिशतसम्म विशेष सापटी पाउने गरेका छन् ।

कोषले सञ्चयकर्ता तथा योगदानकर्ताको सेवाकालको आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले विगतदेखि नै विशेष, घर, शैक्षिक, घर मर्मत, सरल र जग्गा खरिद सापटीसमेत उपलब्ध गराउँदै आएको छ ।

सञ्चयकर्तालै छुट्टै योगदान गर्नु नपर्ने गरी कोषले आफ्नै स्रोतबाट सञ्चयकर्ता दम्पतीलाई स्वास्थ्य उपचार सोधभर्ना सुविधा उपलब्ध गराउँदै आएको छ । यस्तै, काजकिरिया अनुदान, सुत्केरी तथा शिशु स्याहार सुविधा, दुर्घटना क्षतिपूर्ति अनुदानलगायतका सामाजिक सुविधा प्रदान गर्दै आइएको छ । यसअन्तर्गत गत आवमा सुत्केरी तथा शिशु स्याहार सुविधा रु १४ करोड ६५ लाख, काजकिरिया अनुदान रु दुई करोड ८२ लाख, दुर्घटना क्षतिपूर्ति रु दुई करोड १४ लाख, स्वास्थ्य उपचार सोधभर्ना रु ३४ करोड ६५ लाख र विशेष आर्थिक सुविधाबापत निजामतीतर्फका ४७ सञ्चयकर्तालाई करिब रु ७० लाख प्रदान गरिएको कोषले जनाएको छ ।

हाल कोषमा पाँच लाख ७५ हजार सञ्चयकर्ता र ८० हजार ४०० निवृत्तभरण कोषका योगदानकर्ता रहेका छन् ।

# वित्तीय क्षेत्रमा लगाइएको दोहोरो कर खारेजको माग

काठमाडौँ, २२ चैत (रासस) ।

नेपाल वित्तीय संस्था कर्मचारी सङ्घले वित्तीय क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गर्न र सामाजिक सुरक्षामा लगाइने दोहोरो कर खारेज गर्नुपर्ने माग गरेको छ । सङ्घको ३५औँ स्थापना दिवसका अवसरमा शुक्रबार यहाँ आयोजित कार्यक्रममा सङ्घले श्रमको सम्मान, बैंक तथा वित्तीय संस्था/कर्मचारीमाथिको आक्रमण रोक्नुपर्ने र समस्त वित्तीय क्षेत्रमा पूर्ण सुरक्षाको ग्यारेन्टी गर्नसमेत माग गरेको छ ।

सङ्गठित हुने, सामूहिक सौदाबाजी गर्ने श्रमिकको मौलिक अधिकार सुनिश्चित गर्न र काम गर्ने समय/विश्राम/ सुरक्षा सम्बन्धी श्रम ऐनको व्यवस्था कार्यान्वयन गर्नुपर्नेमा सङ्घले जोड दिएको छ । सोही अवसरमा पूर्वअर्थमन्त्री तथा नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महत सङ्घले उठाएका जायज माग पूरा गर्नको निम्ति पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सङ्घका अध्यक्ष पदमराज रेग्मीले आयकर छुटको सीमा वृद्धि गर्नुपर्नेमा जोड दिँदै नीति निर्माणमा श्रमिकको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने, राजनीतिक हस्तक्षेप बन्द गर्न र श्रम ऐन कानुनको पूर्ण कार्यान्वयन गर्नुपर्ने बताउनुभयो ।

अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएओ) अभिसन्धि नम्बर ८७ अनुमोदन गर्न माग गरेको सङ्घले सुमधुर औद्योगिक वातावरण निर्माण र बढ्दो महँगी नियन्त्रण गर्नुपर्ने माग गरेको छ । नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्रकुमार कुँवर र पूर्वअध्यक्ष लक्ष्मणबहादुर बस्नेतले श्रमको उचित मूल्य हुनेपर्नेमा जोड दिनुभयो ।

सङ्घले शुक्रबार प्रभातफेरी कार्यक्रमसमेत गरिएको थियो । प्रभातफेरी भृकुटी मण्डपबाट सुरु भएर सहिद गेट, नयाँ बाटो रत्नपार्क हुँदै भृकुटीमण्डपमा पुगेर कोणसभामा परिणत भएको थियो ।

# प्रदेश सरकारले तीनवटा सार्वजनिक शौचालय निर्माण गर्दै

धनुषा, २२ चैत (रासस) ।

मधेस प्रदेश सरकारले जनकपुरधाममा तीनवटा सार्वजनिक शौचालय निर्माण गर्ने भएको छ । जनकपुर सौन्दर्यीकरणका लागि बहुवर्षीय योजनाअन्तर्गत रु छ करोड ५० लाखको लागतमा शौचालय निर्माण गरिने जनाइएको छ ।

मुख्यमन्त्री सतिशकुमार सिंहले पर्यटकलाई लक्षित गरी मुख्य पर्यटकीय क्षेत्रमा शौचालय निर्माण गरिने बताउनुभयो । उहाँका अनुसार बस पार्क, राम मन्दिरको दक्षिण र जानकी मन्दिरको दक्षिणपट्टि शौचालय निर्माण हुनेछन् । "जनकपुरधाम एक धार्मिक तथा सांस्कृतिक केन्द्र भएकाले यहाँ आउने भक्तजन र पर्यटकका लागि सफा र व्यवस्थित सार्वजनिक शौचालय आवश्यक छ । हामीले यही आवश्यकतालाई मध्यनजर गर्दै यस योजनालाई अघि बढाउने सोच बनाएका हौँ," मुख्यमन्त्री सिंहले भन्नुभयो ।

योजना कार्यान्वयनका लागि बोलपत्र प्रक्रिया सुरु भइसकेको र यस कार्यको संयोजनका लागि प्रदेश नीति आयोगका उपाध्यक्ष डा सोहनप्रसाद साह, जनकपुरधाम उपमहानगरपालिका प्रमुख मनोज साहलगायत सरोकार भएका निकाय र प्राविधिक रहनेगरी समिति बनाइएको उहाँले जानकारी दिनुभयो ।

## युवा, उद्यम ...

प्रभाव पार्न सक्छ र रोजगारी सिर्जना गर्छर । व्यावसायिक शिक्षा तथा तालिममार्फत श्रमलाई उत्पादन कार्यसँग जोड्दा रोजगारीको अवसर सिर्जनामा सहयोग पुग्ने देखिन्छर । राज्य र निजी क्षेत्रले समाजमा रोजगारीका अवसर सिर्जना नगरेसम्म जनसाङ्ख्यिकी लाभले सार्थक रूप लिन सक्दैनर । गरिबी र पछौटेपन हटाउन सक्षम युवाशक्तिलाई नीतिगत ढङ्गबाटै परिचालन गर्न आवश्यक छ । युवाशक्तिको बेवास्ताले ऊर्जाशील जीवन खेर गइरहेको छ । युवाशक्तिलाई आर्थिक क्षेत्रमा सक्रिय राख्न र आर्थिक उत्पादन सिर्जना गर्न राज्य गम्भीर हुनुपर्दछ । यसले युवामा उत्साह, कर्तव्य र जिम्मेवारी बढाउँछ । सेवाभाव सिर्जना गर्छ । संस्कार, संस्कृति, आदर सम्मानको बोध गराई सामाजिक परिपक्वता प्रदान गर्छ । अनि मात्र मुलुकको आर्थिक विकास र समृद्धि सम्भव हुन्छ ।

त्यसैले नवीन सोच, प्रविधि, लगानी स्टार्टअप रोजगारी सिर्जनाको आधार बन्न सक्छन् । सरकारले के कस्ता नीतिमार्फत नवप्रवर्तनको प्रोत्साहन गर्ने योजना बनाइरहेको छ भन्ने प्रश्न उठिरहेका छन् । युवा जनसङ्ख्याको अवस्था, क्षमता र लाभको उपभोग गर्न सक्दैनौँ भने आर्थिक समुन्नति सम्भव होला र ? नेपालमा बेरोजगार र अर्धबेरोजगारको सङ्ख्या बढी भएकाले जनसाङ्ख्यिकी लाभको उपयोग भएको देखिँदैनर । यसको उपयोगलाई मापन गर्ने महत्वपूर्ण समष्टिगत परिसूचक कुल गार्हस्थ्य बचतमा पनि वृद्धि भएको पाइँदैनर । आर्थिक रूपले सक्रिय हुन सक्ने उमेर समूहको अनुपात ६७ प्रतिशत बढेको देखिँदासमेत कुल गार्हस्थ्य बचत १० प्रतिशत वरिपरि घुमिराखेको देखिन्छ र । यसले पनि युवा जनशक्तिलाई उत्पादनमा उपयोग गर्न राज्यले सकेको छैन भन्ने देखिएको छर । विकासका कर्णधार भनेको नै युवा वर्ग हुन् । ती वर्गको उत्पादनशीलता उपयोग नहुनु भनेको युवा बेरोजगार हुनु त हो नै, देशले विकासको सुनौलो अवसर गुमाउनु पनि होर । अन्त्यमा देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणमा युवा, उद्यम र नवप्रवर्तनको भूमिका ठूलो छ । यसर्थ, युवाका लागि रोजगारीमा जोड्ने शिक्षासँगै देश र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कारको विकास गर्न जरुरी छ । यसले शिक्षा र रोजगारीको खोजीमा विदेश जाने युवालाई स्वदेशमै भविष्य खोज्ने बनाउन सकिनेछ । युवालाई स्वदेशमै अवसर दिनका लागि सरकारले मात्र होइन, निजी क्षेत्र, गैरसरकारी सङ्घसंस्था र समुदायको पनि सहकार्य आवश्यक छ । युवाका नयाँ विचार र प्राविधिक ज्ञानलाई देशको विकास, राजनीति र निर्णय प्रक्रियामा सहभागिताका लागि अब ढिला गरिनु हुँदैन । प्रतिफल उन्मुख उद्यम लगानीलाई नै आन्तरिक रोजगारी प्रवर्द्धनको मुख्य मार्ग मान्न सकिन्छ र अनि मात्र मुलुकको समृद्धि हुन्छ ।

## उदाउँदो सूर्यलाई ...

पर्वको पहिलो पर्वको पहिलो दिन 'नहाय-खाय', दोस्रो दिन 'खरना', तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्ने र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ्य दिने परम्परा रहिआएको छ ।

## नेतृत्व तहमा बोली ...

व्यवस्थाप्रति विकर्षण पैदा भएको उनको भनाई छ । उनले नागरिकलाई सहज हुने किसिमले ऐन, कानून निर्माण गर्नुपर्ने जोड समेत दिए ।

फरक प्रशंगमा मन्त्री लेखीले लोकतन्त्र, गणतन्त्र, संघीयता र समावेशिता ल्याउन पत्रकारको पनि महत्वपूर्ण भूमिका रहेको भन्दै प्रशंसा गरेका छन् । बिहीबार र शुक्रबार २ दिन आयोजित स्थानीय तहको कानुन तर्जुमा सम्वन्धी अन्तरक्रिया कार्यक्रममा सर्लाहीको २० वटै पालिकाबाट जनप्रतिनिधि र कर्मचारी सहभागी भएका छन् ।


राजविराज नगरपालिका
८ नं. वडा कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
चलानी नम्बर: ५९४
मिति: २०८१ /११/१९

विषय -कार्यक्रम को प्रस्ताव पेश गर्ने सम्बन्धमा
प्रथम पटक प्रकाशित मिति :२०८१/११/१९

सुचना // सुचना \\ सुचना \\

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी रा.वि.न.पा नगर सभा बाट पारित भएको योजनाहरु मध्ये चालु आ.व २०८१/०८२को वडा स्तरीय यो रा अन्तर्गत वडा नं ०८को योजना बजेट रु.५,००,०००/- को सिमा भित्र रही क्षमता विकास कार्यक्रम (ब्युटिपार्लर तालिम )को लागि सम्बन्धित संघ,संस्था ले आ-आफ्नो संघ -संस्था को मु.अ.कर,प्रमाणपत्र,विधान ,नविकरण प्रमाण पत्र प्रतिलिपि सहितको कार्यक्रम को प्रस्तावना सहित ७दिन राजविराज नगरपालिका को सामाजिक विकास शाखा मा निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

सम्पर्क कर्मचारी-श्री अनिता कुमारी चौधरी ,मो.न.९८०४७१२०९६

जय नारायण मण्डल
वडा अध्यक्ष
जय नारायण मण्डल
वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं.-८


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*